# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १/०८१/०८२

मितिः २०८१/०४/२६

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

ने.सं. ११४४ गुल्लाथ्व, षष्ठी

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| सहायक पाचौं, आमन्त्रित | श्री सौजन कटुवाल | उपस्थित |

आज मिति २०८१ साल श्रावण २६ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकमा नगरपालिकामा निम्न विषयमा छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमको निर्णय गरियो।

१. <u>सुपारी बाली अनुसन्धान केन्द्रका लागि जग्गा व्यवस्थापना सम्बन्धमा ।</u>

आजको बैठकमा यस अर्जुनधारा नगरपालिकामा सुपारी र सुपारी खेतीमा आधारित उद्योग र बजार प्रणालीको विकास सम्बन्धि अध्ययन तथा अनुसन्धानको सम्भाव्यता बारे छलफल गरियो ।करिब १० अर्ब नेपाली रुपैया बराबरको आर्थिक कारोबार हुने सुपारी हाल झापा, मोरङ्ग सुनसरी जिल्लाका उत्तरी चुरे पहाडी शृङ्खलासँग जोडिएको तथा इलाम जिल्लाको दक्षिणी भेगसम्म जोडिएको जमिनमा सुपारी खेतीको विस्तार भएको तथा विस्तारै जिल्लाहरुमा समेत विस्तार हुने क्रममा छ ।साथै, हात्ती तथा अन्य जङ्गली जनावर प्रभावित यस क्षेत्रमा सुपारी तथा यस बालीमा आधारित खेती प्रणालीको विकासले अन्य बालीको तुलनामा कम क्षति हुने देखिन्छ ।समग्रमा, झापा जिल्ला नेपालमा सुपारीको लागि एक प्रमुख उत्पादन र बजारीकरण केन्द्र हो ।यसरी धार्मिक, सामाजिक, औद्योगिक र आर्थिक एवं औषधीय गुणले समेत महत्वपूर्ण यो बालीको अध्ययन, अनुसन्धान तथा विकास गर्न जरुरी देखिएको साथै परम्परा देखि सुपारीको उत्पादन गर्न सुरु गरी हाल व्यवसायिक रुपमा  उत्पादन सुरु भई सकेको सन्दर्भमा सुपारी खेतीको अधिकांश क्षेत्रफल पनि  यसै क्षेत्रमा रहेको हुनाले अर्जुनधारा नगरपालिकाको वडा नं ५ स्थित बिरिङ्ग खोलाको कज्वे देखि  दक्षिण तर्फको जग्गामा प्रमुख रुपमा सुपारी र यो सँगै लगाउन सकिने  अन्य बाली समेतको अनुसन्धान केन्द्र स्थापना गर्न नेपाल कृषि अनुसन्धान परिषद्लाई अनुरोध गर्ने निर्णय गरियो ।साथै, सो प्रयोजनका लागि उल्लेखित क्षेत्रमा रहेको करिब १५ विगाहा सरकारी जग्गा उपभोग/ भोगचलनका लागि नेपाल कृषि अनुसन्धान परिषद (NARC) लाई उपलब्ध गराउन नगरपालिकाको तर्फबाट सिफारिस सहित अनुमति दिनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।